**प्रमुख समाचार:**

1. गैर-राजनीतिक पृष्ठभूमिका युवाहरूलाई राजनीतिमा आउन प्रधानमन्त्रीको आग्रह
2. झारखण्डमा झारखण्ड मुक्ति मोर्चाका कार्यकारी अध्यक्ष श्री हेमन्त सोरेनले राज्यमा नयाँ सरकार गठन गर्ने दाबी पेश गर्नुभयो
3. महाराष्ट्रमा भाजपा, शिवसेना र राष्ट्रवादी कांग्रेस पार्टीको महागठबन्धनले ठूलो जित हासिल गरेपछि सरकार गठनका गतिविधिहरू तीव्र
4. संसदको हिउँदे अधिवेशन अघि आज सर्वदलीय बैठक सम्पन्न
5. अनि विदेशमन्त्री डा सुब्रमण्यम जयशंकर इटालीको तीन दिने भ्रमणका क्रममा रोममा

**अब समाचार विस्तारमा**

1. PM Mann Ki Baat

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले गैरराजनीतिक पृष्ठभूमि भएका परिवारका युवाहरूलाई राजनीतिमा आउन आग्रह गर्नुभएको छ। आज आकाशवाणीबाट मन की बात कार्यक्रममा श्री मोदीले यस्ता एक लाख युवालाई राजनीतिसँग जोड्न देशमा धेरै विशेष अभियानहरू सञ्चालन गरिने बताउनुभयो। श्री मोदीले आफूले क्याडेटको रूपमा बिताएका दिनहरू स्मरण गर्दै एनसीसीले युवाहरूमा अनुशासन, नेतृत्व र सेवाको भावना जगाउँछ भन्नुभयो । उहाँले युवाहरूलाई एनसीसीमा ठूलो संख्यामा सामेल हुन आग्रह गर्नुभयो । श्री मोदीले जैविक विविधता जोगाउन भँगेराको ठूलो भूमिका रहेको बताउनुभयो। बढ्दो सहरीकरणका कारण सहरमा भँगेराको अस्तित्व खतरामा परेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो । भँगेरालाई बालबालिकाको जीवनमा फर्काउन केही अनौठो प्रयास भइरहेको पनि प्रधानमन्त्रीले उदाहरण दिनुभयो। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले **एक पेड माँ के नाम** अभियानले केवल पाँच महिनामा १०० करोड रूख रोप्ने महत्वपूर्ण उपलब्धि हासिल गरेको बताउनुभयो।। श्री मोदीले यस अभियानमा देशभरका मानिसहरू सहभागी भएकोमा खुशी व्यक्त गर्नुभयो। सरसफाइको प्रसङ्ग उल्लेख गर्दै श्री मोदीले सरकारी कार्यालयहरूबाट दशकौं पुराना फाइलहरू र रद्दीहरू हटाउन विशेष सरसफाई अभियान सुरु गरिएको बताउनुभयो।

2. PM Odisha Parva

प्रधानमन्त्री अहिले साँझ नयाँ दिल्लीमा सञ्चालन भइरहेको 'ओडिशा पर्व' कार्यक्रममा सहभागी भइरहनुभएको छ। यो ओडिया सम्पदाको संरक्षण र प्रवर्द्धन गर्न आयोजना गरिएको हो। आजको समापन कार्यक्रममा ओडिशाको समृद्ध सम्पदा झल्काउने सांस्कृतिक सामाजिक, सांस्कृतिक र राजनीतिक लोकाचारलाई जीवन्त प्रदर्शन गरेको थियो।

3. Jharkhand – Govt. Formation

झारखण्डमा आज झारखण्ड मुक्ति मोर्चा- जेएमएमका कार्यकारी अध्यक्ष श्री हेमन्त सोरेनले राज्यमा नयाँ सरकार गठन गर्ने दाबी गर्नुभएको छ। राज्यपाल श्री सन्तोष कुमार गंगवारले उहाँलाई राज्यमा नयाँ सरकार गठन गर्न आमन्त्रण गर्नुभयो। राज्यपालसँग भेट गरेपछि श्री हेमन्त सोरेनले यही महिनाको २८ तारिक सपथ ग्रहण हुने बताउनुभयो । श्री सोरेनले झारखण्ड मुक्ति मोर्चा, कांग्रेस, राष्ट्रिय जनता दल र मार्क्सवादी कम्युनिस्ट पार्टी लेनिनवादीका 56 विधायकहरूको समर्थन पत्र राज्यपाललाई बुझाएको बताउनुभएको छ। सो अवसरमा कांग्रेस, राष्ट्रिय जनता दल र मार्क्सवादी कम्युनिष्ट पार्टी लेनिनवादीका प्रभारीहरूको उपस्थिति रहेको थियो । यसअघि श्री हेमन्त सोरेनले राज्यपाललाई राजीनामा पत्र बुझाउनुभएको थियो। उहाँको राजीनामा स्वीकृत गरेपछि राज्यपालले उहाँलाई नयाँ सरकार गठन नभएसम्म कार्यवाहक मुख्यमन्त्रीको रूपमा काम गर्न आग्रह गर्नुभएको छ।

4. Maharashtra Govt Formation

उता महाराष्ट्रमा भाजपा, शिवसेना र राष्ट्रवादी कांग्रेस पार्टीको महागठबन्धनले ठूलो जित हासिल गरेपछि सरकार गठनका गतिविधिहरू तीव्र भएका छन्। नयाँ मुख्यमन्त्रीको नाम टुंगो लगाउन अघि वाम गठबन्धनका तीन दलले आ–आफ्ना व्यवस्थापिका दलको छुट्टाछुट्टै बैठक सञ्चालन गरिरहेका छन्।

5. Parliament Winter Session

सरकार भोलिदेखि सुरु हुने संसदको हिउँदे अधिवेशनमा सबै विषयमा छलफल गर्न तयार छ । नयाँ दिल्लीमा भएको सर्वदलीय बैठकपछि संसदीय मामिला मन्त्री श्री किरेन रिजिजुले विपक्षी दलहरुलाई अधिवेशनलाई सहज रुपमा सञ्चालन गर्न सहयोग गर्न आग्रह गर्नुभयो। बैठकको अध्यक्षता रक्षामन्त्री श्री राजनाथ सिंहले गर्नुभएको थियो। हिउँदे अधिवेशन भोलिदेखि सुरु भई डिसेम्बर २० सम्म चल्नेछ ।

6. Loksabha Speacker Interview

भोलिदेखि सुरु हुने संसदको हिउँदे अधिवेशनअघि लोकसभा अध्यक्ष श्री ओम बिरलाले संसदको मर्यादा कायम राख्न सांसदहरुलाई आग्रह गर्नुभएको छ। आकाशवाणीलाई दिनुएको एक विशेष अन्तर्वार्तामा, श्री बिरलाले सांसदहरूले सकारात्मक र रचनात्मक बहसको परम्परामा योगदान गर्ने आशा व्यक्त गर्नुभयो। उहाँले संसदमा उच्चतम मर्यादा कायम गर्न सांसदहरुलाई आग्रह गर्नुभयो ।

7. Jaishankar – Italy Visit

विदेशमन्त्री डा सुब्रमण्यम जयशंकर इटालीको तीन दिने भ्रमणका लागि रोम पुग्नुभएको छ । उहाँ यहाँबाट G-7 विदेश मन्त्रीहरुको बैठकमा सहभागी हुन फिजी प्रस्थान गर्नु हुनेछ। भारतलाई अतिथि राष्ट्रका रूपमा निम्तो दिइएको छ । डा जयशंकरले G-7 सम्बन्धी कार्यक्रममा इटाली र अन्य सहभागी देशका विदेशमन्त्रीहरूसँग पनि भेट्ने सम्भावना छ । डा. जयशंकरले रोमस्थित भारतीय दूतावासको नयाँ परिसरको पनि उद्घाटन गर्ने कार्यक्रम छ।

8. COP-29

अजरबैजानमा भएको संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन– COP-29 मा विश्व नेताहरूले सन् २०३५ सम्ममा जलवायु वित्तका लागि १.३ ट्रिलियन डलर दिने प्रतिबद्धता जनाएका छन् । यो रकम जलवायु परिवर्तनसँग जुध्न विकासोन्मुख देशलाई दिइने बताइएको छ । यद्यपि भारतलगायत धेरै विकासोन्मुख देशहरूले यस सम्झौताको आलोचना गरेका छन् र जलवायु परिवर्तनसँग लड्न थप प्रतिबद्धताको माग गरेका छन्।

9. International Trade Fair

नयाँ दिल्लीको भारत मंडपममा भारत अन्तर्राष्ट्रिय व्यापार मेला जारी छ। नोभेम्बर २७ सम्म चल्ने यो मेला लघु, साना तथा मझौला उद्यम, गैरसरकारी संस्था, शिल्पकर्मी र स्व-सहायता समूहका लागि आफ्ना उत्पादन र सेवाहरू प्रदर्शन गर्ने प्रमुख मञ्च हो।

10. Ab Koi Bahana Nahi

सरकारले भोलि नयाँ दिल्लीमा राष्ट्रिय अभियान **अब कोई बहाना नहीं** सुरु गर्ने भएको छ । अभियानले जनता, सरकार र प्रमुख हितधारकहरूलाई महिला हिंसा अन्त्य गर्न आवश्यक कदम चाल्न आह्वान गर्नेछ।

11. IMD – Rain

मौसम विभागले आगामी तीन दिनसम्म तटीय तमिलनाडु, पुडुचेरी र कराइकलमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ। केरला, माहे, दक्षिणी तटीय आन्ध्र प्रदेश र यानामका केही स्थानमा भारी वर्षाको सम्भावना छ। मौसम विभागले यस साता दक्षिणी तटीय आन्ध्र प्रदेश, अण्डमान र निकोबार टापुहरू, पश्चिम बंगाल, ओडिशा, नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुराका केही स्थानहरूमा हल्कादेखि मध्यम वर्षा हुने पूर्व अनुमान गरेको छ। मौसम विभागले यो साता पञ्जाब, हरियाणा, हिमाचल प्रदेश र उत्तर प्रदेशका विभिन्न क्षेत्रमा बिहानै बाक्लो कुहिरो पर्ने सम्भावना रहेको जनाएको छ ।

12. Film Festival

भारतको ५५औँ अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा आज क्रिएटिभ माइन्ड अफ टुमोरोको नतिजा घोषणा गरिएको छ । टिम ग्रीनको चलचित्र गुल्लुले उत्कृष्ट चलचित्रको पुरस्कार जित्न सफल रह्यो । यसका लागि टिम ग्रीनलाई ५ लाख नगद पुरस्कार दिइएको थियो । सोही चलचित्रका पुष्पेन्द्र कुमारले उत्कृष्ट अभिनेताको पुरस्कार जितेका छन् ।

**अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

1. गैर-राजनीतिक पृष्ठभूमिका युवाहरूलाई राजनीतिमा आउन प्रधानमन्त्रीको आग्रह
2. झारखण्डमा झारखण्ड मुक्ति मोर्चाका कार्यकारी अध्यक्ष श्री हेमन्त सोरेनले राज्यमा नयाँ सरकार गठन गर्ने दाबी पेश गर्नुभयो
3. महाराष्ट्रमा भाजपा, शिवसेना र राष्ट्रवादी कांग्रेस पार्टीको महागठबन्धनले ठूलो जित हासिल गरेपछि सरकार गठनका गतिविधिहरू तीव्र
4. संसदको हिउँदे अधिवेशन अघि आज सर्वदलीय बैठक सम्पन्न
5. अनि विदेशमन्त्री डा सुब्रमण्यम जयशंकर इटालीको तीन दिने भ्रमणका क्रममा रोममा

**आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।**